# रामगोपालपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामगोपालपुर, महोत्तरी नेपाल

मधेश प्रदेश, नेपाल

प.सं. : २०७९।०८०
च.नं. :

मितिः २०७९।५।२६

## करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।५।२६ गते ।

यस रामगोपालपुर नगरपालिकाको कार्यालयका लागी देहाय बमोजिमका पदहरुमा रामगोपालपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ बमोजिम पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक उम्मेदवारहरुले तोकिएको ढांचामा रित पुर्वक दरखास्त फाराम भरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि/शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाणको प्रमाणित प्रतिलिपि एवं परीक्षा दस्तुर वापत बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र यस रामगोपालपुर नगरपालिका कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

(१) विज्ञापन सम्वन्धि विवरण

| सि.नं. | विज्ञापन नं. | पद | तह | परीक्षा दस्तुर | मांग संख्या | शैक्षियक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।०७९।०८० | नगर स्वंम सेवक शिक्षक | आधारभूत | १०००।- | २५ | मान्यता प्राप्त शिक्षण संस्थावाट शिक्षा शंकायमा +2 उत्तिर्ण गरेको । | लिखित/ अन्तवार्ता |
| २ | ०२।०७९।०८० | अमिन | चौथो | ८००।- | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ महिने अमिन कोर्ष उत्तिर्ण गरेको | लिखित/ अन्तवार्ता |
| ३ | ०३।०७९।०८० | नगर प्रहरी जवान | चौथो | ५००।- | २० | मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C./S.E.E. वा सो सरह | प्रयोगात्मक/ अन्तरवर्ता |
| ४ | ०४।०७९।०८० | कार्यालय सहयोगी | श्रेणी विहिन | ५००।- | १० | साधारण लेखपढ गरेको । | अन्तरवर्ता |

(२) **आवश्यक अन्य योग्यताहरु :**
- (क) दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।
- (ख) प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- (ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
- (घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।
- (ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

(३) दरखास्त दिने अन्तिम मिति सूचना प्रकाशित मितिले १५ (पन्द्र) दिन भित्र ।

(४) शिक्षकको हकमाः- स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी ।

(५) पारिश्रमिकः- करार सम्झौतामा तोोकिएको बमोजिम हुनेछ ।

(६) सम्पर्क मिति :- सूचनाको म्याद समाप्त भएको भोलिपल्ट ।

(७) नेपाल बाहिरवाट प्राप्त शैक्षिक योग्यताको प्रमाण पत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपि

(८) म्याद नाघि आएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

(९) निरोगिताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

(१०) नगर प्रहरीको हकमाः- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आंखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

(११) अन्य थप जानकारी चाहिएमा यस कार्यालयको प्रशासन शाखा सम्पर्क राख्नु हुन ।

(१२) दरखास्त फारम यस नगरपालिकाको वेवसाइड www.ramgopalpurmun.gov.np वाट डाउनलोड गर्न सकिने छ ।

प्र.प्र.अधिकृत

CamScanner